# जोरायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रावतकट्टे, डोटी
## सुदूरपश्चिम प्रदेश, नेपाल

जोरायल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रावतकट्टे, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

## सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना !

**(सूचना नं. ९४/२०८२-०८३, मितिः २०८३/०२/२६)**

यस जोरायल गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालन गरिने **"जोरायल आइडल (दोस्रो संस्करण)"** कार्यक्रम अन्तर्गत कक्षा ६ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरूबीच एकल गायन तथा एकल नृत्य प्रतियोगिता सञ्चालन, व्यवस्थापन तथा प्राविधिक सहयोग सेवा खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम इच्छुक, योग्य तथा प्रचलित कानून बमोजिम दर्ता भएका फर्म/संस्था/कम्पनीहरूबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

**तपसिलः**

| क्र. सं. | खरिद गर्नुपर्ने सेवाको विवरण | अनुमानित लागत (भ्याट सहित) | दरभाउपत्र पेश गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|
| १ | "जोरायल आइडल (दोस्रो संस्करण)" अन्तर्गत एकल गायन तथा एकल नृत्य प्रतियोगिता सञ्चालन, व्यवस्थापन तथा प्राविधिक सहयोग सेवा | ३,००,०००.० | २०८३/०३/०१ गते अपरान्ह ५:०० बजेसम्म | |

**सेवाको कार्यक्षेत्रः**

१. कार्यक्रमको समग्र योजना, तयारी तथा व्यवस्थापन गर्ने।
२. एकल गायन तथा एकल नृत्य प्रतियोगिता सञ्चालन गर्ने।
३. सहभागीहरुको आवेदन संकलन, दर्ता तथा समन्वय गर्ने।
४. अडिसन तथा मूल्याङ्कन प्रणाली सञ्चालन गर्ने।
५. निष्पक्ष मूल्याङ्कनका लागि योग्य निर्णायक मण्डलको व्यवस्थापन गर्ने।
६. मञ्च, ध्वनि तथा प्रकाशको व्यवस्थापन गर्ने।
७. आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सहयोग गर्ने।
८. पुरस्कार, प्रमाणपत्र तथा सम्मान कार्यक्रम व्यवस्थापन गर्ने।
९. कार्यक्रम सम्पन्न भएपछि विस्तृत प्रतिवेदन पेश गर्ने।

**दरभाउपत्र साथ पेश गर्नुपर्ने कागजातहरूः**

१. फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२. PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. आ.व. २०८२/०८३ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. समान प्रकृतिका कार्यक्रम सञ्चालन गरेको अनुभव विवरण (भएमा)।
५. सिलबन्दी आर्थिक प्रस्ताव ।
६. प्रस्तावदाताको आधिकारिक हस्ताक्षर तथा छाप सहितको निवेदन।
७. सम्बन्धित अन्य आवश्यक कागजातहरू।

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**अन्य शर्तहरूः**

१. दरभाउपत्र सिलबन्दी खाममा राखी तोकिएको मितिभित्र यस कार्यालयमा पेश गर्नुपर्नेछ।
२. आर्थिक प्रस्तावमा कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट रूपमा उल्लेख गरिएको हुनुपर्नेछ।
३. प्राविधिक तथा कानुनी रूपमा योग्य ठहरिएका प्रस्तावहरूमध्ये न्यूनतम मूल्याङ्कित प्रस्ताव पेश गर्ने सेवा प्रदायक छनोट गरिनेछ।
४. रीत नपुगी, अपूर्ण वा म्याद नाघी प्राप्त भएका दरभाउपत्रहरू उपर कुनै कारबाही गरिने छैन।
५. दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिन कार्यालय समयभित्र पेश गर्न सकिनेछ।
६. दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार गाउँपालिकामा सुरक्षित रहनेछ।
७. छनोट भएको सेवा प्रदायकले गाउँपालिकासँग सम्झौता गरी तोकिएको शर्त तथा समयसीमाभित्र कार्य सम्पन्न गर्नुपर्नेछ।
८. थप जानकारीका लागि कार्यालय समयभित्र जोरायल गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।